गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
# स्वास्थ्य कार्यालय पर्वत
कुश्मा, नेपाल

फोनः०६७-४२०११९
इमेलः dhoparbat44@gmail.com
वेभसाइटः hoparbat.gandaki.gov.np

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मितिः २०८१-०८-११

| सि.नं. | विज्ञापन नं | पद | तह | न्युनतम शैक्षिक योग्यता | माग संख्या |
|---|---|---|---|---|---|
| १ | १-२०८१/०८२ | कोल्ड चेन सहायक | सहायक चौथो | प्रविणता प्रमाण पत्र तह सामान्य चिकित्सा/स्टाफनर्स/ANM/AHW/HA/फार्मेसी कोर्ष उत्तीर्ण भई सम्वन्धित काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ । | १ जना |

स्वास्थ्य कार्यालय पर्वतको लागि संघिय सरकारबाट आ.व. २०८१/८२ मा प्राप्त स्वास्थ्य कार्यालयमा कोल्डरुम सञ्चालन एवं व्यवस्थापनका लागि कोल्ड चेन व्यवस्थापक (चौथो तह) जनशक्ति व्यवस्थापन कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको पदमा" सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९ "बमोजिम पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरु बाट यो सूचना प्रकाशित भएको मितिले ७ (२०८१/८/१८ गते) दिनभित्र दरखास्त आह्वान गरिएको छ ।

<u>तपसिलः</u>

**१. दरखास्त फारामः** स्वास्थ्य कार्यालय, पर्वतको प्रशासन शाखाबाट उपलब्ध हुनेछ वा यसै कार्यालयको वेवसाइट **www.hoparbat.gandaki.gov.np** मार्फत डाउनलोड गरी दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरु सहित यस कार्यालयमा दरखास्त पेश गर्नु पर्नेछ ।
**२. पेश गर्नुपर्ने कागजातः** उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, म्याद कायम रहेको / नविकरण गरिएको सम्बन्धित विषयको काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपी, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी र परिक्षा दस्तुर जम्मा गरेको सक्कल भौचर संलग्न हुनु पर्नेछ। साथै अन्तरवार्ताको दिन सबै प्रमाण पत्रहरुको सक्कल प्रति लिई उपस्थित हुनुपर्नेछ ।
**३.परिक्षा दस्तुरः** रु.७००।- (सातसय मात्र)
**४.दरखास्त दिने विधिः** योग्यता पुगेका इच्छुक उम्मेदवारले स्वास्थ्य कार्यालयमा दरखास्त फारम सहित कागजात पेश गर्नुपर्नेछ र दरखास्त दस्तुर स्वास्थ्य कार्यालय पर्वतको कार्यालय कोड ३५०१०४२०१४, नेपाल बैंक लिमिटेडमा को.ले.नि.का./प्रदेश लेखा इकाईको राजस्व खाता नं. २७३०२००००१००१००००१ राजस्व शिर्षक नं. १४२२४ मा परिक्षा शुल्क शिर्षकमा दाखिला गरि बैंक भौचर समेत दरखास्त फारमसाथ संलग्न गरि पेश गर्नुपर्नेछ ।
**५. उम्मेदवारको योग्यताः**
क) नेपाली नागरिक।
ख) भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धि मुद्दामा अदालतबाट सजाय नपाएको हुनु पर्नेछ।
ग) भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको हुनु पर्नेछ।
घ) उम्मेदवार १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।
**६. तलब स्केल तथा समयावधिः** प्रचलित कानून बमोजिम सम्बन्धित तहको सुरु तलब स्केल तथा समयावधि २०८२ असार मसान्तसम्म मात्र हुनेछ
७. दरखास्त साथ पेश गरेको प्रमाणपत्रका प्रतिलिपीमा दरखास्तवाला स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
**८. दरखास्त दिने अन्तिम मितिः** २०८१/०८/१८ गते कार्यालय समयभित्र। उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट सम्म।
**९. परिक्षाको किसिमः** लिखित तथा अन्तरवार्ता ।
**१०.परिक्षा मितिः** दरखास्त पेश गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको ११:०० बजे पछि प्रकाशन गरिनेछ ।
नोटः यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा स्वास्थ्य कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।
सम्पर्क नं. ०६७-४२०११९

कार्यालय प्रमुख